**कोरोना भाइरससम्बन्धी प्रदेश २ अवस्था**
**धनुषा । ०७७ वैशाख ११ गते**

प्रदेश २ मा वैशाख ११ गतेसम्म कोरोना भाइरसका शङ्कास्पद ६ सय ५४ जनाको स्वाब परीक्षण गरिएकोमा ६ सय ५ को रिपोर्ट नेगेटिभ आएको छ । ४५ जनाको रिपोर्ट आउन बाँकी रहेको समाजिक विकास मन्त्रालयले जनाएको छ ।

सर्लाही जिल्लामा एक युवकमा वैशाख ११ गते कोरोना सङ्क्रमण पुष्टि भएसँगै यस प्रदेशमा कोराना सङ्क्रमितको सङ्ख्या पाँच पुगेको छ । यसअघि पर्सा जिल्लामा तीन र रौतहटमा एक जनामा कोरोना सङ्क्रमण पुष्टि भएको थियो ।

त्यसैगरी, वैशाख ११ गतेसम्म आरडीटी किटबाट परीक्षण ४ हजार १ सय ८६ जनाको गरिएकोमा ४ हजार १ सय ७७ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने नौ जनाको रिपोर्ट पोजेटिभ आएको छ । पोजेटिभ रिपोर्ट आएकामध्ये आठ जनाको पीसीआर रिपोर्ट नेगेटिभ आएको छ भने एक जनाको रिपोर्ट आउन बाँकी रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

प्रदेशमा १ सय ६४ क्वारेन्टाइनमा ३ हजार ६ सय बेड सङ्ख्या रहेको छ । वैशाख ११ गतेसम्म १ हजार २ सय ८६ जना क्वारेन्टाइनमा रहेका छन् भने १ हजार ८ सय ६१ जना होम क्वारेन्टाइनमा रहेका छन् । कोरोना आशङ्का गरिएका ११ जना बिरामी आइसोलेशन वार्डमा उपचारार्थ छन् । प्रदेशमा आइसोलेशन बेड सङ्ख्या २ सय २७ रहेको छ ।

लकडाउनका कारण कृषि क्षेत्रमा परेको असुविधालाई मध्यनजर गर्दै प्रदेश २ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कृषिजन्य मदार्थको ढुवानी तथा सहजिकरणका लागि कोभिड- १९ र्‍यापिड रेस्पोन्स टिम क्रियाशिल गराएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । यसैगरी, सम्पूर्ण कृषहरूले आफूले उत्पादन गरेको वस्तु बजारसम्म पुर्‍याउनका लागि सप्तरी र सिहारका लागि कृषि ज्ञान केन्द्र सप्तरी, धनुषा जिल्लाका लागि कृषि ज्ञान केन्द्र धनुषा, महोत्तरी र सर्लाहीका लागि कृषि ज्ञान केन्द्र सर्लाही, बारा जिल्लाका लागि कृषि ज्ञान केन्द्र बारा, पर्सा जिल्लाका कृषि ज्ञान केन्द्र पर्सा र रौतहट जिल्लाका लागि कृषि ज्ञान केन्द्र रौतहट र उष्ण प्रादेशिक वागवानी धनुषामा सम्पर्क गर्न समाजिक विकास मन्त्रालयले अनुरोध गरेको छ ।

धनुषाको जनकपुरधाममा उपचार गराएर घर फर्किएका सर्लाही धम्कौलका १४ वर्षीय एक किशोरमा कोरोना सङ्क्रमण पुष्टि भएको छ । सर्लाहीमा आरडिटी टेष्ट पोजेटिभ आएपछि जनकपुरधाम प्रादेशिक अस्पताल ल्याएर पीसीआर परीक्षण गर्दा उनको रिपोर्ट नेगेटिभ देखिएपछि उनलाई घर फर्काइएको थियो । भारतबाट आएका धनकौल गाउँपालिकाका १४ वर्षीय किशोरको टेकु अस्पतालमा जाँच गर्दा भने रिपोर्ट पोजेटिभ आएको छ ।

वर्ल्ड भिजन इन्टरनेशनल नेपालले प्रदेश २ सरकारलाई १ सय २५ पीपीई र २० इन्फ्रारेड थर्मोमिटर सहयोग गरेको छ । उक्त सामग्रीहरू वैशाख ११ गते समाजिक विकास मन्त्री नवलकिशोर शाहलाई वर्ल्ड भिजनका जिल्ला प्रवन्धक ब्रम्हदेव रामले सामाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरे, प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशक डा. प्रमोद कुमार यादव र मन्त्रालयका केही कर्मचारीहरूका बीचमा हस्तान्तरण गर्नु भएको छ ।

पर्सा जिल्लाको बिन्दवासिनी गाउँपालिका-३ का गरिब, अति विपन्न परिवारलाई वैशाख ११ गते राहत वितरण गर्दा वितरणका लागि बनाइएको प्याकेट रहेको समानहरू सबै प्याकेटमा बराबर नभएपछि स्थानीयले विरोध गरेपछि राहत वितरण कार्य स्थगित भयो । वडा-३ मा वडा अध्यक्षको नेतृत्वमा रहेको सर्वदलीय समितिले १ सय ३५ जनाको नामावली सङ्कलन गरेको थियो । वडा अध्यक्ष सलमा खातुनले

भने सङ्कलित नामावली अनुसार राहत वितरण गर्दा अनावश्यक रूपमा विवाद गरिएको बताउनु भयो । उहाँले विवाद आएकोले राहत वितरण रोकेको पछि पुनः वितरण गरिने बताउनु भयो ।
औरही नगरपालिकामा लकडाउनलाई मध्यनजर गर्दै सर्वसाधारण जनतालाई खाद्यान्न उपलब्ध गराउने उद्देश्यले सुपथ मुल्य पसल सञ्चालन गरिएको छ । स्थानीय  कपिल चौधरी र अनिल चौधरी (बाबु र छोरा) ले वैशाख ११ गतेदेखि सुरु गरेको पसलमा पसल अगाडि मूल्य सूची सहित सामाजिक दूरीको घेरा बनाइ विक्री वितरणको सुरुवात गरेका छन् । सञ्चालक स्थानीय युवा अनिलले औरही बजारमा कालो बजारीलाई निरुत्साहित गर्नका लागि आफ्नो नीजि लगानिमा सर्वसाधारण जनतालाई सुलभ र उचित दरमा खाद्यान्न उपलब्ध गराउने बताएका छन् ।
सप्तरीमा राहत विषयमा घेराउ र तालाबन्दी तथा जनप्रतिनिधिमाथि हातापात भएका घटनाहरु भएका छन् । कञ्चनरूप नपा-४ मा सबैलाई राहत दिनुपर्ने भन्दै महिलाहरूले वडा कार्यालय घेराउ गरे भने वडा नम्बर ८ मा राहत वितरणपछि राहत नपाएको भन्दै असन्तुष्ट समूहले वडा सदस्य सञ्जय पासवानमाथि आक्रमण गरेर घाइते बनाए । डाकनेश्वरी नपा-८ का वडा अध्यक्षले अन्य दलका प्रतिनिधि नराखी मनोमानी ढङ्गले राहत वितरण गर्न खोज्दा राहत सामग्री राखिएको वडा कार्यालयको कोठामा तालाबन्दी भएपछि राहत वितरण हुन सकेको छैन । यसैबिच शम्भुनाथ नगरपालिकाका मुसहर समुदायले राहत वितरण स्थल पुगेर राहत बहिष्कार गरेका छन् । रुपनी गाउँपालिका-१, ४ र ५ मा वितरण गरिएको चामल सम्झौता विपरित गुणस्तरहीन वितरण गरिएको भन्दै विरोध भएपछि अन्य वडामा राहत वितरण स्थगित गरिएको छ ।

**इन्सेक सप्तरी  जिल्ला  प्रतिनिधि मनोहरकुमार पोखरेल**का अनुसार लकडाउनको अवधि एक महिना पुगेपनि सप्तरीमा कतिपय स्थानीय तहले राहत वितरण गर्न सकेका छैनन् । राहत वितरण भएका कतिपय स्थानीय तहमा विवाद देखिएको छ । महामारीका बेलामा बाँड्न लागिएको राहतमा सम्पन्न धनीहरूले समेत लोभ गर्दा गरिब, विपन्नहरूको भाग खोसिएको छ । राहत वितरणमा राजनीति र भ्रष्टाचार भएको गुनासो बढेको छ ।
लकडाउनका कारण ज्यालादारी मजदुर, गरिब तथा विपन्नलाई सरकारले भोको बस्नु नपरोस् भनेर राहत वितरणको योजना ल्याए पछि जनप्रतिनिधि र सर्वदलीय समितिमा रहेका राजनीतिक दलका प्रतिनिधिले आ-आफ्नो पक्षका मतदातालाई खुशी पार्न ठूलो सङ्ख्यामा राहत पाउनेको सूचि तयार गर्नाले विवाद बढेको छ ।
कोरोना भाइरस (कोभिड-१९) बाट प्रभावितलाई राहत दिने भनिए पनि सप्तरी जिल्लाको अधिकाँश स्थानीय तहहरूमा शिक्षक, अवकास प्राप्त कर्मचारी, व्यापारी र धनी किसानहरूले समेत राहत लिएको आरोप लागेको छ । राहत वितरण निर्देशिका २०७६ विपरित राहत वितरण भइरहेको भन्दै राजविराज, कञ्चनरूप, खडक, डाकनेश्वरी, बोदे बर्साइन, हनुमाननगर कंकालिनी नगरपालिकामा बिवाद सार्वजनिक भएको छ ।
राहतका विषयमा कतै घेराउ र तालाबन्दी त कतै जनप्रतिनिधिमाथि हातापातका घटना भएका छन् । कञ्चनरूप नपा-४ मा सबैलाई राहत दिनुपर्ने भन्दै महिलाहरूले वडा कार्यालय घेराऊ गरे भने वडा नम्बर ८ मा राहत वितरणपछि राहत नपाएको भन्दै असन्तुष्ट समूहले वडा सदस्य सञ्जय पासवानलाई कुटपिट गरी घाइते बनाएका छन् ।
डाकनेश्वरी नपा-८ का वडा अध्यक्षले अन्य दलका प्रतिनिधि नराखी मनमानी राहत वितरण गर्न खोज्दा राहत सामग्री राखिएको वडा कार्यालयको कोठामा तालाबन्दी भएपछि राहत वितरण हुन सकेको छैन । वैशाख १० गते राति वडा अध्यक्ष पक्षधर र तालाबन्दी गरेर राहत वितरण हुन नदिने पक्षबीच

झडप हुँदा सात जना घाइते भएका छन् । घाइते एक जनाको धरानस्थित बि. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा र अन्य घाइतेहरुको राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचार भइरहेको छ । खडक नपा-१ मा वडा अध्यक्ष सिङ्घेश्वर मण्डलसहितका जनप्रतिनिधीले सर्वदलीय रूपमा तथ्याङ्क सङ्कलन नगरी आफ्ना आसेपासे र कर्मचारीलाई समेत राहत वितरण गरेको भन्दै स्थानियले आरोप लगाएका छन् । नेकपा, राजपा नेपाल र सङ्घीय समाजवादी पार्टीका प्रतिनिधिहरूले सङ्कलन गरी दिएको तथ्याङ्क भन्दा नगरपालिकाको कर्मचारीहरूले तयार पारेको तथ्याङ्क अनुसार वडाका ७ सय १७ परिवारलाई राहत वितरण गरिरहेको वडा अध्यक्षमाथि आरोप लागेको छ । शम्भुनाथ नगरपालिकामा १२ ओटा वडाहरूमा ९ हजार घरधुरीलाई राहत वितरण गरिएकोमा वडा नम्बर ७ मा पूर्व सरकारी कर्मचारी र औषधी पसले जस्ता हुने खाने तथा प्रशस्त जमिन हुनेहरूलाई राहत दिएर गरिबहरूलाई उपेक्षा गरेको भन्दै शम्भुनाथ नगरपालिजकाका मुसहर समुदायले राहत वितरण स्थल पुगेर राहत बहिष्कार गरेका छन् । सो वडामा १ हजार ७५ घरधुरीलाई राहत वितरण गरिएको छ । वडा अध्यक्ष गोपाल चौधरीले राजनैतिक दलका प्रतिनिधिहरू मार्फत सङ्कलन भएर आएको व्यक्तिलाई राहत वितरण गरिएको बताउनु भयो । राजविराज, बोदे बर्साइन, हनुमाननगर कंकालिनी नगरपालिकामा समेत हुनेखाने, नजिकका सम्पन्न मानिसहरूलाई राहत वितरण गरेको आरोप लागेको छ । रुपनी गाउँपालिका-१, ४ र ५ वडामा वितरण गरिएको चामल सम्झौता विपरित गुणस्तरहीन दिएको भन्दै तिब्र विरोध भएपछि अन्य वडामा राहत वितरण स्थगन भएको छ ।
चैत ९ गतेदेखि गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा सञ्चालित फिभर क्लिनिकमा वैशाख ११ गतेसम्म १ सय ९५ पुरुष र १ सय १८ महिला गरी ३ सय १३ जनाको ज्वरो जाँच भएको छ । अस्पतालमा रहेको आइसोलेशनमा हालसम्म बसेका सात जनामा ६ जनाको रिपोर्ट नेगेटिभ आएपछि घर फर्काइएको छ भने आरडीटी पोजेटिभ आएका एक जना हाल आइसोलेशनमा रहेका छन् । अस्पतालमा वैशाख ११ गते भएको सात जनाको आरडीटी परीक्षणमा सबैको रिपोर्ट नेगेटिभ आएकोछ । सप्तरीको १८ ओटा स्थानीय तहद्वारा सञ्चालित ३० ओटामध्ये विभिन्न क्वारेन्टाइनमा वैशाख ११ गते आठ महिला र २४ जना पुरुष थप भएका छन् भने २५ पुरुष निगरानी अवधि सकिएर घर फर्किएका छन् । हाल १२ महिला र १ सय २२ पुरुष गरी १ सय ३४ जना क्वारेन्टाइनमा बसेका छन् ।
स्वास्थ्य कार्यालय सप्तरीका अनुसार हालसम्म क्वारेन्टाइनमा बसेका २८ महिलामा १६ जना र ५ सय ६६ पुरुषमा ४ सय ४४ जना निगरानी अवधि सकिएर घर फर्किएका छन् । स्वास्थ्य कार्यालय सप्तरीका अनुसार वैशाख ११ गते तिरहुत गाउँपालिकामा १६ जना पुरुषको आरडीटी परीक्षण भएको छ । यो सँगै सप्तरीमा ८४ महिला र ६ सय १४ पुरुषको आरडीटी परीक्षण भएको छ ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियार**का अनुसार जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी बिनोद घिमिरेका अनुसार क्वारेनटाइनमा शङ्कास्पद बिरामीहरूलाई निगरानीमा राख्ने क्रम जारी रहेको बताउनु भएको छ । वैशाख ११ गतेसम्म १० जना महिला ६५ जना पुरूष गरी ७५ जना क्वारेन्टाइनमा तथा होम क्वारेन्टाइनमा १६ महिला गरी १ सय ९५ जना निगरानीमा रहेको डिएसपी घिमिरेले बताउनु भयो ।
वैशाख ११ गते सखुवा नन्कारकट्टी गाउँपालिकामा चार महिला र नौ पुरूष गरी १३ जनाको आरडीटी परीक्षण गरेको र सबैको नतिजा निगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले बताउनु भएको छ । उहाँले आजसम्म २ सय ७४ जनाको परीक्षण गरेको र सबैको नतिजा निगेटिभ आएको बताउनु भयो । जसमध्ये सिरहा नपामा १० महिला र ८२ पुरूष, मिर्चैया नपामा तीन पुरूष, बरियारपट्टी गाउँपालिकामा एक जना पुरूष, विष्णुपुर गाउँपालिकामा पाँच महिला र १३ पुरूष,

गोलबजार नपामा तीन महिला र ४० पुरूष, सुखिपुर नपामा ६ जना पुरूष, लहान नपामा १० जना पुरूष, नरहा गाउँपालिकामा दुई जना पुरूष, नवराजपुर गाउँपालिकामा सात जना पुरूष, अर्नमा गाउँपालिकामा एक महिला र १६ पुरूष, लक्ष्मीपुर पतारी गाउँपालिकामा एक महिला ११ पुरूष, कल्याणपुर नपामा पाँच जना पुरूष, कर्जन्हा नपामा चार महिला १६ जना पुरूष, औरही गाउँपालिकामा सात जना पुरूष, भगवानपुर गाउँपालिकामा १८ जना पुरूष र सखुवानन्कारकट्टी गाउँपालिकामा चार महिला र नौ पुरूष गरी जम्मा २८ महिला र २ सय ४६ पुरूषको आरडीटी परीक्षण नेगेटिभ आएको प्रमुख यादवले बताउनु भयो ।
सखुवान्नकारकट्टी गाउँपालिकामा वैशाख ११ गते वडा नं. ४ मा ५ सय, वडा नं. २ मा ३ सय ५० र वडा नं. १ मा ४ सय गरीब दलित तथा विपन्न परिवारलाई राहत वितरण गरिएको गाउँपालिकाको अध्यक्ष केदारनाथ यादवले बताउनु भएको छ । अध्यक्ष यादवका अनुसार ७५ लाख रुपियाँको राहत कोष स्थापना गरी ३ हजार घर परिवारलाई राहत वितरण गर्ने योजना रहेको बताउनु भयो । राहतमा १५ केजी चामल, दुई केजी दाल, दुई केजी चिनी, नून, तेल, साबून, मसला, ह्याण्डवास लगायतको सामग्री पारदर्शी तरिकाले वितरण गरेको बताउनु भयो ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दिपेन्द्रप्रसाद सिंह**का अनुसार जनकपुरधाममा उपचार गराएर घर फर्किएका सर्लाही जिल्ला धनकौलका १४ वर्षीय बालकमा कोरोना सङ्क्रमण पुष्टि भएको छ । सर्लाहीमा आरडीटी परीक्षण पोजेटिभ आएपछि जनकपुरधाम प्रादेशिक अस्पताल ल्याएर पिसिआर परीक्षण गर्दा नतिजा नेगेटिभ देखिएपछि उहाँलाई घर फर्काइएको थियो । भारतबाट आउनु भएका धनकौल गाँउपालिकाका १४ वर्षीय बालकको टेकु अस्पतालमा जाँच गर्दा भने रिपोर्ट पोजेटिभ आएको छ ।
लकडाउनमा परी समस्यामा रहेको धनुषावासीलाई नेकपाका नेता रामचन्द्र झा, प्रदेश सांसद शत्रुधन महतो र धनुषा काठमाडौं सम्पर्क मञ्चका अध्यक्ष किरण कार्कीको सहजिकरण र धनुषाका समाजसेवी बलराम महतो तथा केहि जनप्रतिनिधिहरूको सहयोगमा काठमाडौंबाट घर फर्काइएको छ ।
मञ्चका अध्यक्ष कार्कीका अनुसार अचानक भएको लकडाउनमा फसेका करिब १ सय जनालाई घर फर्काइएको बताउनु भयो ।
काठमाडौंमा समस्यामा परेका केहि धनुषावासीका लागि समाजसेवी महतोले खाद्यान्न सहयोग समेत गर्नु भएको छ । प्रदेश २ का सांसद सत्रुधन महतोले समेत एउटा बसको भाडा सहयोग गर्नु भएको उहाँले जानकारी दिनु भयो । धनुषा र काठमाडौंका प्रमुख जिल्ला अधिकारीसँगको समन्वय र अनुमतिमा काठमाडौंबाट घर फर्कन चाहनेहरूको व्यवस्थापन गरिँदै छ ।

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साह**का अनुसार जिल्लामा वैशाख ११ गते आरडीटीबाट १ सय ४० जनाको स्वास्थ्य परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
प्रदेश २ का सामाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले जनाकारी दिनु भए अनुसार औरही नपामा १४, बलवा नपामा १८, रामगोपालपुर नपामा १२, वर्दिवा नपामा आठ, लोहारपट्टी नपामा ३९, मनरा सिस्वानपामा आठ, सोनमा गाउँपालिकामा १७, गौशला नपामा १४ र जिल्ला प्रहरी कार्यालय महोत्तरीमा आठ जना गरी जम्मा १ सय ४० जनाको आरडीटी परीक्षण गरिएको छ ।
सचिव डा. घिमिरेको अनुसार लकडाउन सुरू भए यता महोत्तरी जिल्लाको विभिन्न नाकाहरूबाट १ सय ५० जना जिल्लाका विभिन्न नपा र गाउँपालिकामा प्रवेश गरेका छन् । उनिहरूलाई पहिचान गरी क्वारेन्टाइन र होम क्वारेन्टाइनमा राखिएको छ ।

महोत्तरीमा १९ क्वारेन्टाइन रहेकोमा बेड सङ्ख्या ३ सय ८८ रहेको छ । जसमध्ये महोत्तरी जिल्लाको विभिन्न स्थानीय तहहरूको क्वारेन्टाइनमा बस्नेको सङ्ख्या ८० र होम क्वारेन्टाइनमा बस्नेको सङ्ख्या ६ सय ६७ गरी जम्मा ७ सय ४७ जना क्वारेन्टाइनमा रहेका छन् ।

हालसम्म महोत्तरीको विभिन्न क्वारेन्टाइनमा बसेका ११ जनाको स्वाब परीक्षण गरिएकोमा ११ जनाको रिर्पोट नेगेटिभ आएको छ ।

त्यसैगरी, वर्ल्ड भिजन इन्टरनेशनल नेपालले प्रदेश नं. २ सरकारलाई १ सय २५ पीपीई र २० इन्फारेड थर्मोमिटर सहयोग गरेको छ । पीपीई सेट तथा सरसफाई प्रयोजनका सामग्रीहरू वैशाख ११ गते समाजिक विकास मन्त्री नवलकिशोर शाहलाई वर्ल्ड भिजनका जिल्ला प्रबन्धक ब्रम्हदेव रामले समाजिक विकास मन्त्रालयका सचिब डा.रामप्रसाद घिमिरे, प्रदेश आपुर्ति व्यवस्थापन केन्द्रका निर्देशक डा. प्रमोदकुमार यादब र मन्त्रालयका केही कर्मचारीहरूका बीचमा हस्तान्तरण गर्नु भएको छ ।

सामग्री हस्तान्तरण कार्यक्रममा समाजिक विकास विकास मन्त्री नवल किशोर शाहले वर्ल्ड भिजन इन्टरनेसनल नेपालले पीपीईको आवश्यक्तालाई केहि हदसम्म पुरा गर्न मद्दत गरेकोमा धन्यावाद व्यक्त गर्नु भयो । उहाँले प्राप्त पीपीईलाई प्रदेश नं. २ का जिल्ला स्थित स्वास्थ्य कार्यालयहरूमा यथा सिघ्र वितरण गर्ने बताउनु भयो ।

सो अवसरमा समाजिक विकास राज्य मन्त्री अभिराम शार्माले पीपीईलाई सही सदुपयोग गर्न स्वास्थ्य संस्थाहरूमा वितरण गर्नु पर्ने बताउनु भएको छ । उहाँले पीपीईको दुरूपयोग नहुन अनुगमन समेत भइरहेको बताउनु भयो ।

हस्तान्तरण गरिएका प्रत्येक सेटमा पीपीई लगायत अन्य चिकित्सा प्रयोगका गरी १९ सामग्रीहरू रहेका छन् । उक्त पीपीई सहयोग वर्ल्ड भिजन इन्टरनेशनल नेपालले आफ्नो ३ महिने कोभिड–१९ प्रतिकार्य योजना अन्तर्गत गरेका जानकारी वर्ल्ड भिजनका प्रबन्धक रामले गराउनु भयो ।

प्रबन्धक रामले भन्नु भयो-'यस सामग्री हस्तान्तरण गर्नुको उद्देश्य नेपाल सरकारलाई कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्न मद्दत गर्नुका साथै कोभिड–१९ प्रभावित बाल-बालिका, महिला तथा अति जोखिममा रहेका समुदायहरूलाई सहयोग गर्नु रहेको छ ।'

हस्तान्तरण समारोहमा वर्ल्ड भिजन इन्टरनेसनल सर्लाही जिल्ला प्रबन्धक बह्रदेव रामले 'बालबालिका केन्द्रित संस्था वर्ल्ड भिजन, नेपालका बालबालिकाको सम्बृद्धिको योगदान साथै मानवीय सङ्कटहरूलाई समेत सम्बोधन गर्न सङ्घ, प्रदेश तथा स्थानीय तहमा सहयोग गर्दै आएको र तत्कालका लागि कोभिड–१९ प्रतिकार्य योजना अनुसार अत्यावश्यक स्वास्थ्य सामग्री सहयोग गरेको जानकारी गराउनु भयो । साथै उहाँले स्थानीय तहसँग समन्वयन गरी राहत तथा अन्य आवश्यक सहायता गरिरहेको जानकारी गराउनु भयो ।"

साथै वर्ल्ड भिजन मार्फत आफ्नो कार्यक्षेत्र जिल्लाहरू महोत्तरी, सर्लाही र रौतहटमा ३०/३० थान पीपीई सेट र चार/चार थान IR thermometer वितरण गर्ने योजना रहेको छ । सोही अनुसार वैशाख ११ गते जिल्ला विपद् व्यवस्थापन समिति महोत्तरीमा ३० थान पीपीइ सेट र चार ओटा IR thermometer वितरण गरिएको छ । वर्ल्ड भिजन इन्टरनेशनल नेपालको प्रतिकार्य योजना मार्फत पहिलो ३० दिन वर्ल्ड भिजनले सार्वजनिक स्वास्थ्य संस्था तथा प्रशासनलाई अत्यावश्यक उपकरणहरू वितरण गर्नुका साथै परम्परागत मिडिया र सामाजिक सञ्जालको प्रयोग गरि नेपाल सरकारलाई कोरोना भाइरस रोकथामबारे सुचना तथा सन्देश प्रवाह गर्न मद्दत गर्नेछ । ३० दिन पश्चात भने कोभिड–१९ प्रभावित परिवार तथा समुदायहरूको तत्काल आवश्यकताहरू परिपूर्ती गर्दै बहुक्षेत्रगत कार्यक्रमहरू मार्फत उनीहरूलाई आफ्नो जिविकोपार्जन पुनर्स्थापना गर्न मद्दत गर्नेछ । बालबालिकालाई केन्द्रमा राखी

तयार पारिएको उक्त प्रतिकार्य योजना वर्ल्ड भिजनको कार्यक्रम रहेको १४ जिल्लाहरूमा सञ्चालन हुने जानकारी प्रबन्धक रामले गराउनु भयो ।

लकडाउन लम्बिदा महोत्तरी सहित सम्पूर्ण तराई मधेसका कृषकहरूले खेतीबालीको काम गर्न पाएका छैनन् । लकडाउनले मल, बीउ, औजार लगायतका कृषि सामग्रीको ढुवानी हुन नपाउँदा कृषकलाई खेतीबालीको तयारी गर्न समस्या भएको हो ।

सरकारले कोरोना भाइरसको सङ्क्रमण रोकथाम गर्न १ महिनादेखि लकडाउन गरेको छ, जसले गर्दा एग्रोभेट सेन्टर बन्द हुनुका साथै कृषिजन्य सामग्री ढुवानी र खेतीबालीका अन्य काम प्रभावित भएका छन् । स्थानीय प्रशासनले बीउबिजन, मलखाद पसललाई अत्यावश्यकीय सेवामा समावेश नगर्दा किसानलाई सेवा गर्न नसकेको व्यवसायीहरूले गुनासो पोखेका छन् ।

'यो समय बर्खेबाली लगाउने बेला हो, पसल बन्द गर्नु परेको छ ।' वर्दिवास स्थित फुयाल एग्रोभेटका सञ्चालक लक्ष्मी फुयालले भन्नु भयो-'कृषकले न तरकारी लगाउन पाएका छन् न त धानको ब्याड नै राख्न सुरसार गरेका छन् ।' लकडाउनले गर्दा ताजा तरकारीका साथै धान उत्पादनमा भारी गिरावट आउने उहाँको चिन्ता छ । मल, बीउ नपाउँदा नयाँ बाली लगाउन ढिलाइ भएको छ । प्रशासनले एग्रोभेट सञ्चालन गर्न नदिँदा किसानले करेसाबारी, खेतीबालीमा काम गर्न सकेका छैनन् ।

वर्दिवास नगरपालिका-१० खैरमाराका कृषक चन्देश्वर महतोले बीउ नपाएका कारण जग्गा बाँझो राख्नुपर्ने पीर बढेको बताउनु भयो । 'खेतमा लगाएको गहुँ काटेर सकियो, तरकारी खेती लगाइ सक्नुपर्ने हो', उहाँले भन्नुभयो-'मकै तथा तरकारी बाली लगाउन जमिन तयार गरेको धेरै समय भइसक्यो, मल र बीउ नपाउँदा त्यत्तिकै रोकियो ।' सरकारले लकडाउन मै मल र बीउ सहज उपलब्ध गराउन अझै ढिला गरे उत्पादनमा निकै कमी आउने कृषक महतोको चिन्ता छ ।

त्यसैगरी औरही नगरपालिका-२ का किसान राजेन्द्र प्रसाद यादवलाई मकै खेतीमा युरिया मल लगाउने समय भएपनि ३ सत्ता यता बजारमा युरिया मल नपाएकाले चिन्ताले सताएको छ ।

चैतको पहिलो हप्तामा मकैंमा मल लगाउनका लागि बजारमा युरिया मल किन्न गएकोमा नभेटिएकाले मकैंमा मल लगाउन नसकेको गुनासो उहाँले गर्नु भयो । मकैंमा पानी लगाएपछि डिएपी र युरिया मल लगाउनुपर्ने हुन्छ तर बजारमा मल नपाइएकाले समस्या भएको यादवको भनाई छ ।

त्यसैगरी रामगोपालपुर नगरपालिका-९ खोपीका किसान राजेन्द्र महतोलाई समेत तरकारी, सागमा र मकैमा लगाउने मलको अभावले पिरोलेको छ । महतोले मल अभावमा समस्या भएकाले गुनासो गर्नु भयो ।

महोत्तरीको दक्षिण उत्तरी भेग धान र तरकारी उत्पादन हुने क्षेत्र हो । यहाँ उत्पादित धान र तरकारीले यहाँको आपूर्ति व्यवस्थापनमा ठूलो सहयोग पुऱ्याएको कृषि क्षेत्रका सरोकारवालाले दाबी गर्दै आएका छन् ।

औरही नगरपालिकामा लकडाउनलाई मध्यनजर गर्दै सर्वसाधारण जनतालाई सुपथ मुल्यमा खाद्यान्न उपलब्ध गराउने उद्देश्यले सस्तो मुल्यको पसल सञ्चालन गरिएको छ ।

स्थानीय  कपिल चौधरी र अनिल चौधरी (बाबु-छोरा) ले वैशाख ११ गते देखि सुरू गरेको पसलमा पसल अगाडि मूल्य सूचि सहित सामाजिक दुरीको घेरा बनाई विक्री वितरणको सुरूवात गरेका छन् ।

सञ्चालक स्थानीय युवा अनिलले औरही बजारमा कालो बजारीलाई निरूत्साहित गर्नको लागि आफ्नो निजि लगानिमा सर्वसाधारण जनतालाई सुलभ र उचित दाममा खाद्यान्न उपलब्ध गराउने आफ्नो प्रतिबद्धता व्यक्त गर्नु भएको छ ।

पसल सञ्चालन गरिएकोमा औरही नगरपालिकाका मेयर सुनिल यादवले प्रशंसा व्यक्त गर्दै यस्तो सुलभ र सस्तो पसलबाट जनता लाभान्वीत हुने विश्वास व्यक्त गर्नु भयो ।

त्यसैगरी स्थानीय नेता दरेश यादवले भन्नु भयो- ‘हामी राजनीतिकर्मी साथमा छौं, यसबाट वरिपरीका सबै नगरपालिका र गाउँपालिकाका जनतालाई लाभ पुग्ने छ । यसबाट कालोबजारी हुनबाट समेत रोकिन्छ ।’

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिना**का अनुसार जिल्लमा क्वारेन्टाइनमा बस्नेको सङ्ख्या १५ जना महिला र २ सय १५ पूरूष गरी २ सय ३० जना रहेका छन् । रौतहटमा हालसम्म ६१ हजार ३ सय ८० जनाको चेकजाँच गरिएको छ । रौतहटको विभिन्न स्थानको क्वारेन्टाइनबाट घर फिर्ता गरिएको सङ्ख्या २ सय ५९ जना रहेको छ । हालसम्म रौतहटको विभिन्न क्वारेन्टाइनमा बसेका १ सय ९४ जनाको स्वाब परीक्षण गरिएकोमा १ सय ६१ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने एक जनाको रिपोर्ट पोजेटिभ आएको र ३२ जनाको रिपोर्ट आउन बाँकी रहेको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बताउनु भयो । त्यस्तै आरडीटीबाट स्वास्थ्य परीक्षण ४ सय २० जनाको गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
रौतहटमा जम्मा ७ सय १ ओटा पीपीई रहेको छ भने ८ सय ५१ ओटा क्वारेन्टाइन बेड सङ्ख्या रहेको प्रमुख जिल्ला अधिकारी घिमिरेले बताउनु भयो । स्थानिय तहमा रहेका क्वारेन्टाइनमा रहेका व्यक्तिहरूको आवश्यक खाना लगायत वसाई व्यवस्थापन सम्बन्धित स्थानीय तहहरूले गर्दै आएको प्रमुख जिल्ला अधिकारीले बताउनु भयो ।
रौतहट घर भई काठमाडौं लगायत देशका विभिन्न भागमा बस्दै आएका जिल्लावासीलाई रौतहटका स्थानिय तहले घर फिर्तीमा सहयोग गर्ने भएको छ । चन्द्रपुर नपा-३ ले वैशाख ११ गते काठमाडौंमा बस्दै आएका ४२ जनालाई घर ल्याउनमा सहयोग गरेको छ । उनीहरूको चन्द्रनिगाहपुर अस्पतालका चिकित्सकको टोलीले थर्मल गनद्वारा ज्वरो मापन गर्दा सामान्य देखिएपछि घर पठाइएको हो । काठमाडौंमा बस्दै आएका रौतहट निवासी देव भण्डारी र बिनोद खुलालको सहयोगमा चन्द्रपुर नगरपालिकाको वडा नम्बर ३ ले उनीहरूलाई घरसम्म ल्याउने व्यवस्था मिलाएको हो । देव भण्डारीको एकल सहयोगमा चन्द्रपुर नपा-१ मा १२ जना, वडा नम्बर २ मा सात जना, वडा नम्बर ४ मा तीन जना र वडानम्बर ९ मा एक जनालाई घर पठाइएको छ ।
वडा अध्यक्ष रवी देवकोटाले घर आउन इच्छुक रहेका नागरिकलाई घरफिर्तीमा सहयोग गरेको बताउनु भयो । रौतहटका अन्य स्थानिय तहले समेत काठमाडौंमा रहेका र अलपत्र परेकालाई ल्याउने तयारी गरेको छ । स्थानिय तहले सवारी साधनको व्यवस्था गरेर लकडाउनमा गाउँ आउन चाहने स्थानियलाई ल्याउने भएको हो ।
जिल्ला सुरक्षा समिति रौतहटको बैठकले काठमाडौंमा रहेकालाई स्थानिय तहमार्फत गाउँमा ल्याउन पाउने निर्णय गरेको छ । स्थानिय तहहरूले आफ्ना नागरिकलाई उद्धार गर्न चाहेमा सोकोलागि आवश्यक पासको व्यवस्था गर्ने सुरक्षा समतिको वैठकले निर्णय गरेपछि स्थानिय तह सक्रिय भएको पाइएको छ । रौतहट ल्याइएका व्यक्तिहरूलाई सम्बन्धित स्थानिय तहले आरडीटी विधिबाट परीक्षण गरी होम क्वारेन्टाइनमा राख्नुपर्ने जनाएको छ । साथै बैठकले क्वारेन्टाइनमा रहेका भारतीय नागरिकहरूको खाना खर्च जिल्ला विपद व्यवस्थापन कोषबाट खर्च गर्न गृह मन्त्रालयसँग अनुमती लिनका लागि पत्राचार गर्ने निर्णय भएको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ ।
जिल्लाको विभिन्न क्वारेन्टाइनहरूमा भारतीय नागरिकहरूको सङ्ख्या दिन दिनै बढ्दै गएको छ । उनीहरूलाई खाना खुवाउन समस्या भएको गुनासो आएपछि गृह मन्त्रालयसँग अनुमतीको लागि आग्रह गर्न लागिएको जनाइएको छ ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेल**का अनुसार जिल्लामा क्वारेन्टाइन बेड सङ्ख्या ४ सय ४३ रहेकोमा २ सय ७ नागरिक क्वारेन्टाइनमा बसेको जिल्ला प्रशासन कार्यालयका सुचना अधिकारी ओम खड्काले बताउनु भएको छ । आइसोलेशन बेड सङ्ख्या ४८ रहेकोमा जितपुरसिमराको आइसोलेशन वार्डमा बसेका तीन जनामा वैशाख १० गते ज्वरो आएकोमा वैशाख ११ गते ज्वरो निको भएको खड्काले बताउनु भयो । कोरोना अस्पतलका लागि कलैया अस्पताललाई प्रदेश सरकारले घोषणा गरेको र आवश्यक सामग्री नआएकाले सञ्चालन नभएको उहाँले बताउनु भयो ।

कलैया अस्पतालमा ३८ जना, कलैया उपमहानगरपालिकामा १४ जना, सिम्रोगढ नगरपालिकामा पाँच जना, महागढीमाई नगरपालिकामा आठ जना, पचरौता नगरपालिकामा १४ जना, बारागढी गाँउपालिकामा तीन जना, सुवर्ण गाउँपालिकामा १३ जना, आदर्शकोत्वाल गाउँपालिकमा पाँच जना, फेटा गाउँपालिकामा पाँच जना, जितपुरसिमरा उपमहानगरपालिकामा दश जना, निजगढ नगरपालिकामा ६ जना,कोल्हवी नगरपालिकामा ६ जना गरी जिल्लामा १ सय २७ जनाको आरडीटी विधिबाट परीक्षण हुदाँ सबैको नतिजा नेगेटिभ आएको जिल्ला प्रशासन कार्यालयका सुचना अधिकारी ओम खड्काले बताउनु भयो ।

त्यसैगरी, नोवेल कोरोना भाइरस रोग रोकथाम र नियन्त्रण गर्न नेपाल सरकारले घोषणा गरेको लकडाउन अवधिमा सीमाबाट वारपार गर्न नदिनका लागि जिल्लामा सशस्त्र प्रहरी बल नेपाल नं १२ गण र सीमामा पर्ने स्थानीय तहको सहकार्यमा सीमा निगरानी समितिको सहकार्यमा सीमा सुरक्षा गरिरहेको गणका प्रमुख एसपी दिगबिजय सुवेदीले बताउनु भएको छ ।

जिल्लाको सीमानामा पर्ने सिम्रोनगढ नगरपालिका-६ का वडा अध्यक्ष शंकर साह कानुको संयोजकत्वमा सात सदस्यीय निगरानी समिति गठन गरी सदस्यमा सशस्त्र प्रहरीका सई हिमलाल कुमाल, इन्स्पेक्टर माध प्रसाद पुडासैनी, प्रधानाध्यापक नुआजममिया चुडीहार, समाजसेवी धर्मेन्द्रप्रसाद साह, पत्रकार सिकिन्द्र साह र स्वास्थ्यकर्मी राजेन्द्रप्रसाद साह रहेको एसपी सुवेदीले बताउनु भयो ।

सोही नगरपालिका-७ का वडा अध्यक्ष रमेशप्रसाद कुशवाहाको संयोजकत्वमा गठन भएको सात सदस्यीय निगरानी समितिको सदस्यमा इन्स्पेक्टर माधवप्रसाद पुडासैनी, सशस्त्र प्रहरी सई हिमलाल कुमाल, पत्रकार सिकिन्द्र साह, वडा सदस्य शिवचरणप्रसाद कुशवाहा, वडा सदस्य सुभासप्रसाद कुश्वाहा, वडा सदस्य सरस्वतीदेवी रामले वडाको सीमा सुरक्षा निगरानी गरिरहेको सुवेदीले बताउनु भयो ।

सोही नगरपालिका-९ का वडा अध्यक्ष अरविन्दकुमार यादवको संयोजकत्वमा गठन भएको सात सदस्यीय निगरानी समितिको सदस्यमा सशस्त्र प्रहरी सई हिमलाल कुमाल, इन्स्पेक्टर माधवप्रसाद पुडासैनी, समाजसेवी रामरूप माझी मुसहर, राजनीतिक दलका दिनेशप्रसाद यादव, पत्रकार सिकिन्द्र साह, सामजसेवी बिजयप्रसाद चौरसियाले सीमा सुरक्षा निगरानी गरिरहेको सुवेदीले बताउनु भयो ।

सोही नगरपालिका-१ मा सशस्त्र प्रहरी इन्स्पेक्टर देवबहादुर कार्कीको संयोजकत्वमा गठन भएको सात सदस्यीय निगरानी समितिको सदस्यमा वडा अध्यक्ष जगतनारायणप्रसाद यादव, प्रधानाध्यापक रामानन्दप्रसाद साह, नेपाली काँग्रेसका नरेशप्रसाद यादव, नेपाल कम्युनिष्ट पार्टीका दिनेश्वरप्रसाद यादव, राष्ट्रिय जनता पार्टीका बिनयकुमार सिंह, वडा सदस्य रसिदमिया मंसुरीले सीमा सुरक्षा निगरानी गरिरहेको सुवेदीले बताउनु भयो ।

विश्रामपुर गाउँपालिका-३ मा शिवचन्द्र यादवको संयोजकत्वमा गठन भएको सात सदस्यीय निगरानी समितिको सदस्यमा बृजप्रसाद यादव, मुना पटेल, रामप्रसाद यादब, अशोककुमार गुप्ता, अहमदमिया, नजिर मियाले सीमा सुरक्षा निगरानी गरिरहेको सुवेदीले बताउनु भयो ।

सोही गाँउपालिका-४ मा मदनप्रसाद यादबको संयोजकत्वमा गठन भएको सात सदस्यीय निगरानी समितिको सदस्यमा मदनप्रसाद यादव, मकसुद अंसारी, हरीचन्द्र साह, हुलास यादव, राहुबकुमार साह, अर्जुन चौहान, अमर हजराले सीमा सुरक्षा निगरानी गरिरहेको सुवेदीले बताउनु भयो ।

पचरौतानगरपालिका-४ मा कन्यैलाल यादवको संयोजकत्वमा गठन भएको पाँच सदस्यीय निगरानी समितिको सदस्यमा नगिन्द्रप्रसाद यादव, रामप्रसाद यादव, रमानन्दप्रसाद यादव, समिउल मंसुरीले सीमा सुरक्षा निगरानी गरिरहेको सुवेदीले बताउनु भयो ।

सोही नगरपालिका-५ मा वडा अध्यक्ष लक्ष्मी यादवको संयोजकत्वमा गठन भएको सात सदस्यीय निगरानी समितिको सदस्यमा रञ्जितप्रसाद जयसवाल, जितेन्द्र महत्तो, सुखराम महत्तो, समिरूल अन्सारी, जितेन्द्र पंडित, सनोज पासवानले सीमा सुरक्षा निगरानी गरिरहनु भएको छ ।

सोही नगरपालिका-६ का वडा अध्यक्ष मकबुलमिया अंसारीको संयोजकत्वमा गठन भएको सात सदस्यीय निगरानी समितिको सदस्यमा अभिमन्यू सिह, प्रतित राम, अरूप कुशवाहा, नवीअहमत अन्सारी,जगि राम, पिय पारूले सो वाडामा पर्ने सीमाको सुरक्षा निगरानी गरिरहनु भएको छ ।

महागढीमाई नगरपालिका-६ मा देवताल गाउँपालिका-१ का वडा अध्यक्ष पन्नालाल साहको संयोजकत्वमा गठन भएको सात सदस्यीय निगरानी समितिको सदस्यमा वडा अध्यक्ष अमरप्रसाद नेपाली, प्रधानाध्यापक जितेन्द्र यादव, दक्षिण भिटकैयाका सशस्त्र प्रहरी इन्स्पेक्टर श्यामसुन्दर नान्जु , देवताल गाँउपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत राजिव यादव, प्रहरी चौकी देवापुरका असई ध्रुव बहादुर श्रेष्ठले वडामा पर्ने सीमाको सुरक्षा गरिरहनु भएको एसपी सुवेदीले बताउनु भयो ।

कलैया उपमहानगरपालिका-१० का वडा अध्यक्ष चन्देश्वरप्रसाद गुप्ताको संयोजकत्वमा गठन भएको १० सदस्यीय निगरानी समितिको सदस्यमा प्रमेश्वर साह, भगवान साह, राजनकुमार गुप्ता, दुःखि राम, संदिपकुमार गुप्ता, मुन्नाकुमार गुप्ता, प्रमान्नद साहकानु, नितेशकुमार गुप्ता, दिनेश मण्डलले वडामा पर्ने सीमाको सुरक्षा गरिरहेको सुवेदीले बताउनु भयो ।

फेटागाउँपालिका-७ का वडा अध्यक्ष महमद हुसेन मियाको संयोजकत्वमा गठन भएको आठ सदस्यीय निगरानी समितिको सदस्यमा सुरेन्द्र साह तेली, रामकिशोर साह, प्रहरी चौकी जोतपुरका प्रहरी कन्सटेवल जितेन्द्रप्रसाद चौरसीया, सुनिल साह, सर्फादिन अन्सारी, अब्दुल अन्सारी, प्रभु पटेलले वडामा पर्ने सीमाको सुरक्षा गरिरहनु भएको छ ।

सोहीगाउँपालिका-५ का वडा अध्यक्ष अरूण मण्डलको संयोजकत्वमा गठन भएको सात सदस्यीय निगरानी समितिको सदस्यमा हाकिम मिया, प्रहरी चौकी जोतपुरका प्रहरी कन्सटेवल जितेन्द्रप्रसाद चौरसीया, कामेश्वर मण्डल, अतिअफजल अन्सारी, तुर्फान अन्सारी, कर्ण मण्डल रहनु भएको छ ।

फेटा गाँउपालिका-१ का वडा अध्यक्ष अजयप्रसाद दासको संयोजकत्वमा गठन भएको पाँच सदस्यीय निगरानी समितिको सदस्यमा बाबुलाल महत्तो, बालेश्वरप्रसाद साह, अजयप्रसाद कुमार, सेसनाथ यादवले सीमा रहनु भएको छ ।

सुवर्ण गाउँपालिका-३ का वडा अध्यक्ष महिन्द्रप्रसाद यादवको संयोजकत्वमा गठन भएको सात सदस्यीय निगरानी समितिको सदस्यमा गगनदेव यादव, सशस्त्र प्रहरी अर्स्ई कन्हैयालाल यादव, सई जितेन्द्र झा, स्वास्थ्य चौकीका विल्टुप्रसाद यादव, नेपाल राष्ट्रिय प्राथमिक विद्यालय पचगछियाका हरिशंकर प्रसाद, स्थानीय प्रतिनिधि रमोद गिरी रहनु भएको छ ।

सुवर्णगाउँपालिका-७ का वडा अध्यक्ष बिजयकुमार सिंहको संयोजकत्वमा गठन भएको सात सदस्यीय निगरानी समितिको सदस्यमा वडा सचिव जगत यादव, सशस्त्र प्रहरी इन्स्पेक्टर युकेश उप्रेती, असई गनहरप्रसाद यादव, स्वास्थ्य चौकीका हफिजमहमत मियाँ, नेपाल राष्ट्रिय प्राथमिक विद्यालय सन्फुलवाका जितेन्द्र यादव, स्थानीय प्रतिनिधि सुनिल यादव रहनु भएको छ ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसि लामिछाने**का अनुसार पर्सा जिल्लाको बिन्दवासिनी गाउँपालिका वडा नं. ३ मा रहेका गरिब, अतिविपन्न परिवारलाई राहत वितरण कार्यमा अनियमितता भएको भन्दै स्थानीयले बिरोध गरेपछि राहत बितरण कार्य स्थगित भएको छ ।

वडा नं ३ मा वडा अध्यक्षको नेतृत्वमा रहेको सर्वदलीय समितिले १ सय ३५ जनाको नामावली सङ्कलन गरेको थियो । अतिविपन्न तथा गरिब परिवारलाई वैशाख ११ गते राहत वितरण गर्दा विवाद भएको थियो ।

राहत वितरणका लागि बनाइएको प्याकेट रहेको सामानहरू सबै प्याकेटमा बराबर नभएपछि विवाद भएको हो । सामान बराबर हुनु पर्ने भन्दै स्थानीयले विरोध गरेपछि राहत वितरण कार्य स्थगित भएको हो । प्याकेटमा रहेको सामान कुनैमा धेरै कुनैमा थोरै देखिएपछि स्थानीयले विरोध गरेको स्थानीय जयप्रकाश चौरसियाले बताउनु भयो ।

वडा अध्यक्ष सलमा खातुनले भने सङ्कलित नामावली अनुसार राहत वितरण गर्दा अनावश्यक रूपमा विवाद गरिएको बताउनु भयो । उहाँले विवाद आएकोले राहत वितरण रोकिएको र समस्या समाधान पछि पुनः वितरण गरिने बताउनु भयो ।

यसैबीच, वीरगंजमा २ सय ३० जना भन्दा बढीमा गरिएको पिसिआर परीक्षण र ४ हजार बढीमा भएको र्‍यापीड डाईनोष्टिक टेष्ट (आरडीटी) परीक्षणमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । वीरगंजमा तीन जना भारतीय नागरिकमा कोरोना भाइरसको सङ्क्रमण देखिएपछि चिन्ता बढेको थियो । त्यसपछि सङ्क्रमितहरू फेला परेको स्थान शिल गरेर गरिएका परीक्षणमा अन्यमा यस्तो सङ्क्रमण देखा परेको छैन ।  परीक्षणबाट सङ्क्रमित व्यक्तिबाट कोरोना समुदायमा नसरेको प्रमाणित भएको छ ।

यो सँगै वीरगंज सँगै मध्य तराइको जनजीवनले परीक्षण पछि कोरोना सङ्क्रमण समुदायमा नफैलिएको पुष्टि भई राहतको अनुभूति भएको छ ।

बीरगंज महानगरपालिका-२ छपकैयास्थित मक्की मस्जिद र घुसुकपुर स्थित मस्जिदमा रहेका तीन जना सहित बीरगंजको नयाँबस पार्कमा चिया पसल सञ्चालन गर्ने एक महिलामा कोरोना सङ्क्रमण देखिएपछि भय उत्पन्न भएको थियो ।

उनीहरूबाट समुदायमा कोरोना सङ्क्रमण फैलिन सक्ने आशङ्कामा छपकैया एरिया सँगै नयाँ बसपार्क क्षेत्रमा बसोवास गर्ने सर्वसाधारणहरूको पिसिआर परीक्षण तथा आरडीटी परीक्षण गरिएको थियो । परीक्षणमा एक जनालाई पनि पोजेटिभ नदेखाएपछि सङ्क्रमण व्यक्तिबाट समुदायमा नपुगेको पुष्टि भएको नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.मदन उपाध्यायले बताउनु भयो ।

छपकैयाको मदरसामा रहेका भारतीय नागरिकहरू कसरी सङ्क्रमित भए भन्ने कुरा नखुलेपनि छपकैया आसपासको क्षेत्रमा समुदाय स्तरमा सङ्क्रमण नपुगेको डा. उपाध्यायले बताउनु भयो ।

**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**